**स्थानीय राजपत्र**

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६, संख्या ३०, १५ चैत्र २०७९**

## भाग-२

# केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (दोश्रो संशोधन) कार्यविधि, २०७९

**कार्यपालिकावाट स्वीकृत मितिः२०७९।१२।१५**

**प्रमाणिकरण मितिः२०७९।१२।१५**

**प्रस्तावना** केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री मूल्य असुली सम्वन्धी ठेक्का व्यवस्थापन कार्यविधि २०७८ लाई समायानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

केराबारी गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो कार्यविधिको नाम “**केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन (दोश्रो संशोधन) कार्यविधि, २०७९,** ” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) परिभाषाः कार्यविधि भन्नाले **केराबारी गाउँपालिकाको नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ सम्झनुपर्छ ।**

**२. मुल कार्यविधिको दफा ५ मा उपदफा ७ राखि** "यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख भएतापनी कार्यविधि वा अन्य प्रचलित कानुन वमोजिम व्यवस्थापन गरिएको कम्तिमा ३ पटक ठेक्का कवोल नभएमा कार्यालयले गाउँकार्यपालिकाको निर्णयद्वारा तोकेको विधि वमोजिम विक्रीमूल्य संकलनको व्यवस्था गर्न सक्नेछ" भन्ने वाक्यांश थप गरिएको छ ।

आज्ञाले,
नवराज कार्की
प्रमुख प्रशासकीय अधिकृत